म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१९ सोमबार, १६ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 30 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पत्केरी फाँटमा रोपाइँ गरेर मउवासंघले धान दिवस मनायो

हेटौंडा, १५ असार/२२ औं राष्ट्रिय धान दिवस मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा-१७ स्थित पत्केरी फाँटमा रोपाइँ गरी मनाएको छ । पत्केरी फाँटमा कृषक खुशप्रसाद सुवेदीको खेतमा धान रोपेर संघले धान दिवस मनाइएको हो । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको सभाध्यक्षता एवम् बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा प्रदेशसभा सांसद मोक्तानले कृषि पेशालाई प्रोत्साहन तथा संरक्षण गर्नुपर्ने र कृषि नीतिलाई आधुनिकीकरण गर्नुपर्ने धारणा राखिन् । संघका अध्यक्ष रानाभाटले संघअन्तर्गत रहेको विभिन्न समितिमध्ये कृषि प्रवर्द्धन समिति रहेको र यस समितिले सक्रियताका साथ काम गरिरहेको बताए । कृषिप्रवर्द्धन समितिका संयोजक निलमकुमारी पाण्डेले कृषिसम्बन्धी विभिन्न कार्यक्रम गरिरहेको, पालिका अध्यक्ष तथा उपाध्यक्षसमक्ष स्थानीय कृषकको लागि कृषिमा पर्याप्त बजेट विनियोजन गर्न अनुरोध गर्दै आएको बताइन् ।

# एसईई नतिजा: हेटौंडामा ५८.१९ प्रतिशत ग्रेडेड, मनहरीमा एकतिहाई मात्र

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा हेटौंडा उपमहानगरका ५८ दशमलब १९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् ।

परीक्षामा सहभागी ३ हजार ३ सय ११ मध्ये २ हजार ४५ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । एसईईमा हेटौंडाका ४ वटा संस्थागत विद्यालयले शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका छन् । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका ९० जना, हेटौंडा-६ स्थित सुनगाभा इंग्लिस बोर्डिङ स्कूलका २१ जना, हेटौंडा-११ स्थित जेम्स स्कूलका १८ जना र हेटौंडा-१८ स्थित मकवानपुर बालविद्यासदनका १८ जनाले शतप्रतिशत नतीजा हासिल गर्न सफल भएका छन् ।

सामुदायिक विद्यालयतर्फ परीक्षामा सहभागी २ हजार १ सय १५ विद्यार्थीमध्ये १ हजार ६९ जना अर्थात् ५० दशमलब ५४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । संस्थागततर्फ १ हजार १ सय २२ जना विद्यार्थी परीक्षामा सहभागी भएकामध्ये ९ सय ६९ जना अर्थात् ८६ दशमलब ३६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । थाहा नगरका संस्थागत र सामुदायिक विद्यालयबाट एसईईमा ४४ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । नगरपालिकामा रहेका ६ वटा संस्थागत र ११ वटा सामुदायिक विद्यालयबाट ४ सय ९५ जना विद्यार्थीले परीक्षा दिएकोमा २ सय १७ जना उत्तीर्ण भएका हुन् ।

पालुङ मोर्डन इङ्लिस स्कूलका ४ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै उत्तीर्ण भएका छन् । थाहा नगरकै सुन्दरीदेवी माविका साधारण धारतर्फबाट १९ जना विद्यार्थीले एसईई दिएकोमा सबै अनुत्तीर्ण भएका छन् । सुन्दरीदेवीबाट १७ जनाले प्राविधिक धारतर्फको परीक्षा दिएकोमा एकजनामात्र उत्तीर्ण भएका छन् । नगरका विद्यालयमध्ये सबैभन्दा बढी विद्यार्थी एसईईमा सहभागी गराएको बागेश्वरी माविबाट १५ जना विद्यार्थी ग्रेडेड भएका छन् । बागेश्वरी माविबाट ६९ जना विद्यार्थीले एसईई दिएका थिए ।

यसैगरी बागमती गाउँपालिकामा ४६ जना विद्यार्थी ग्रेडेड भएका छन् । पालिकामा ५ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका २ सय ७७ जना विद्यार्थीमध्ये ४६ जना अर्थात् १६ दशमलब ६१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् । गतवर्ष ३ सय ३९ जना विद्यार्थी एसईईमा सहभागी भएकामध्ये २७ जना मात्र उत्तीर्ण भएका थिए ।




गतवर्षको तुलनामा यसवर्ष नतिजा सामान्य सुधार भएको छ । राक्सिराङ गाउँपालिकामा ६ वटा विद्यालयबाट १२ जना विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । ६ दमलब ४५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा राक्सिराङका ६ मध्ये ३ वटा विद्यालयको नतीजा निल आएको छ ।

राक्सिराङ-४ स्थित कालिका मावि, राक्सिराङ-५ स्थित प्रजाजागृति मावि र राक्सिराङ-८ स्थित मावि देवीटारको नतीजा शून्य आएको हो । कालिका माविबाट १ जना, प्रजा जागृतिबाट २९ जना र मावि देवीटारबाट १७ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । अन्य तीन विद्यालयको नतीजा पनि सन्तोषजनक छैन । राक्सिराङ-३ स्थित सूर्योदय माविबाट ४० जना विद्यार्थी सहभागी हुँदा ५ जना (८ प्रतिशत), राक्सिराङ-६ स्थित राष्ट्रिय माविबाट ७१ जना विद्यार्थी सहभागी भएकोमा ३ जना (४.२२ प्रतिशत) र राक्सिराङ-९ स्थित कालिका माविका २८ जना विद्यार्थीमध्ये ४ जना (१४.२८ प्रतिशत) विद्यार्थी उत्तीर्ण भएका छन् । राक्सिराङ गाउँपालिकामा गतवर्ष २३ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका थिए ।


इन्द्रसरोवर गाउँपालिकामा ३८ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् । पालिकाका ६ वटा विद्यालयबाट परीक्षामा सहभागी १ सय ५ जना विद्यार्थीमध्ये ३८ विद्यार्थी उत्तीर्ण भएका हुन् । गतवर्ष इन्द्रसरोवर गाउँपालिकाबाट ८४ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा १४ जना उत्तीर्ण भएका थिए । इन्द्रसरोवर गाउँपालिकामा यस वर्ष एसईईमा सहभागी सरस्वती बालबोधिनी माविका १२ मध्ये १०, पन्चकन्या माविका १८ मध्ये ३, वत्सलादेवी माविका १९ मध्ये ५, कालिका माविका ११ मध्ये ६, महाचुनी माविका २३ मध्ये ११ र कालीदेवी माविका २२ मध्ये ३ जना उत्तीर्ण भएका छन् ।


यसैगरी कैलाश गाउँपालिकामा ४५ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् । पालिकामा ६ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका १ सय ६१ विद्यार्थीमध्ये ४५ जना एवम् २७ दशमलब ९५ प्रतिशत विद्यार्थी उत्तीण भएका हुन् । गतवर्ष कैलाश गाउँपालिकाबाट १ सय ९९ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ११ जना (५.५२ प्रशित) उत्तीर्ण भएका थिए । कैलाश गाउँपालिकामा यसवर्ष एसईईमा सहभागी कालिका माविका ४५ मध्ये १३ जना, कमला माविका २८ मध्ये १२ जना, रत्नज्योति माविका १६ जनामध्ये ६ जना एसईईमा उत्तीर्ण भएका छन् । यस्तै भवानीका ४६ मध्ये ५ जना, धुवाङ माविका ९ जनामध्ये १ जना र व्यास माविमा ४७ मध्ये ८ जना उत्तीर्ण भएका छन् ।

मनहरी गाउँपालिकाबाट एकतिहाई विद्यार्थीमात्र उत्तीर्ण भएका छन् । गाउँपालिकामा ९ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयबाट एसईईमा सहभागी विद्यार्थीमध्ये ३३ दशमलव १ प्रतिशत विद्यार्थीमात्र उत्तीर्ण (ग्रेडेड) भएका हुन् । मनहरी गाउँपालिकाबाट परीक्षामा सहभागी भएका ४ सय २९ विद्यार्थीमध्ये एक सय ४२ जना उत्तीर्ण भएका छन् । गाउँपालिकाले सार्वजनिक गरेको विद्यालयको नतिजा विवरणअनुसार ३.६ देखि ४ जीपीएसम्म नतिजा ल्याउने विद्यार्थी ३ जना छन् । ३.२ देखि ३.६ जीपीए ल्याउने विद्यार्थी २५ जना र जीपीए २.८ देखि ३.२ सम्म नतिजा ल्याउने विद्यार्थी ५० जना छन् । ५३ जना विद्यार्थीको नतिजा २.४ देखि २.८ जीपीए र ११ जना विद्यार्थीको नतिजा २ देखि २.४ जीपीएको बीचमा रहेको गाउँपालिकाले जानकारी दिएको छ ।

मकवानपुरगढी गाउँपालिकामा ४३ दशमलब ६६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । गाउँपालिकामा १० विद्यालयबाट एसईईमा सहभागी २ सय १३ जना विद्यार्थीमध्ये ९३ जना विद्यार्थी उत्तीर्ण भएका छन् । गढीका १० वटा माध्यमिक विद्यालयमध्ये मकवानपुर गढी-५ स्थित शारदा माविको नतीजा शतप्रतिशत रहेको छ । शारदा माविबाट २५ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै विद्यार्थी उत्तीर्ण भएका हुन् । बकैया गाउँपालिकाका १८ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण (ग्रेडेड) भएका छन् । बकैयाका १२ वटा विद्यालयका विद्यार्थी एसईईमा सहभागी हुँदा २ वटा विद्यालयका एकजना विद्यार्थी पनि उत्तीर्ण भएनन् । बकैयाका १२ विद्यालयका ४ सय ११ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ७४ जना (१८ प्रतिशत) विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् ।

बकैया-२ स्थित कालिका मावि र बकैया-१० स्थित प्रसिद्ध माविका एकजना पनि विद्यार्थी उत्तीर्ण भएनन् । यसैगरी भीमफेदी गाउँपालिकामा २३ दशमलब ४ प्रतिशत विद्यार्थी मात्रै ग्रेडेड भएका छन् । गाउँपालिकाको अनुसार एसईईमा सहभागी १ सय ९६ जना विद्यार्थीमध्ये ४६ जना मात्रै उत्तीर्ण भएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# सक्कली किसानलाई छोएन धान दिवसले

राष्ट्रिय धान दिवसको अवसरमा गैरकिसानले एकछिन फोटो खिचाउनका लागि मात्र धान रोपेको नाटक सामाजिक संजालमा छरपस्ट भएका छन् । वास्तबिक किसानलाई असारमासको चटारोले छोएको छ तर, नक्कली किसानले सामाजिक संजाल भरेका छन् । खेतमा पसिना बगाउने किसानको माग सम्बोधन भएको छैन तर, बिचौलियाले कृषिअनुदान कब्जा गरिरहेका छन् । नेपाल कृषिप्रधान मुलुक भएर पनि धानचामलमा पनि परर्निभर छ । पर्याप्त उत्पादन नहुँदा विदेशबाट धानचामल आयात गरेर नेपालको माग धान्नुपर्ने अवस्था देखिएको हो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकाअनुसार मुलुकको लागि आवश्यक पर्ने करिव ७९ लाख मेट्रिकटन धानमध्ये करिव १० लाख मेट्रिकटन धान उत्पादन अपुग छ । फलस्वरुप, चालु आर्थिक वर्षको जेठ मसान्तसम्म धान, धानको बीउ, चामल र कनिका गरी कुल ७ लाख ५३ हजार मेट्रिकटन धानजन्य वस्तु आयात भएको छ । यी वस्तु आयातमा करिव ३८ अर्व ९४ करोड रुपैयाँ विदेशिएको छ । मन्त्रालयका अनुसार विशेषगरी चालममा बढी निर्भरता रहेको छ ।

नेपालमा कम उत्पादन हुने मसिना तथा बास्नादार चामलमा उपभोक्ताको बढी रोजाइ, छिमेकी मुलुकले धान निर्यातले लिने नीतिगत व्यवस्थालगायत कारण उत्पादन वृद्धि हुँदाहुँदै पनि धान/चामलको आयात अपेक्षाकृत कम हुन सकेको छैन । तीनदसक अघिसम्म नेपालले धान र चामल निर्यात गर्दै आएको थियो, अहिले नेपाल परनिर्भर बन्दै गएको छ । नेपालले २०५० सालसम्म धान तथा चामल निर्यात गर्ने गरेको थियो । नेपालमा उत्पादित धान र चामल आन्तरिक उपभोगमा बढी भएका कारण निर्यात हुन्थ्यो । खासगरी दक्षिणकोरियामा नेपालको चामल, गहुँ निर्यात हुन्थ्यो । सोही कारण नेपाललाई कृषिप्रधान देशको रुपमा चित्रण गरिएको थियो । अहिले धान चामलमा देखिएको परनिर्भरता हटाउन सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । परनिर्भरता हटाउने कार्यक्रम बजेटमा राख्न भने छाडिएको छैन । नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा पनि मुलुकलाइ आगामी २ वर्षमा धानमा आत्मनिर्भर बनाउने विषय उल्लेख छ । आगामी वर्षहरुमा धानको उत्पादन र उत्पादकत्व वृद्धिको लागि मन्त्रालयले प्राथमिकताका साथ विशेषगरी चैते धानमा क्षेत्रफल विस्तार र वर्षे धानमा उत्पादकत्व वृद्धिका कार्यक्रम तीनै तहका सरकारमार्फत सञ्चालनको व्यवस्था गर्ने लक्ष्य छ । मलखाद, गुणस्तरीय बीउ र अनुसन्धानबाट प्राप्त नवीनतम प्रविधि किसानमाझ पुऱ्याउन कार्यक्रम केन्द्रित रहेको कृषि मन्त्रालयका अधिकारीहरुको भनाइ छ । परनिर्भरता नहटेपनि पछिल्लो समय धान उत्पादन केही बढेको सरकारी तथ्यांकले देखाउँछ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकाअनुसार चालु आवमा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिकटन धान उत्पादन हुने अनुमान छ । यो उत्पादन गतवर्षको तुलनामा ४ दशमलव ४ प्रतिशतले बढी हो । मन्त्रालयकाअनुसार चालु आवमा मनसुन औषत भन्दा तीन दिन अगाडि सक्रिय हुन पुगेको र यो अबधिमा औषत वर्षा गत आर्थिक वर्षको सरदर भन्दा उच्चरहन जाँदा वर्षे धानबालीको लागि सहयोगी बन्न पुगेको छ । रासायनिक मल र उन्नत जातको धानको आयात गतवर्षको सोही अबधिको तुलनामा बृद्दि हुनु पनि धान उत्पादनका लागि प्रभाबकारी रहन गएको छ । धानबाली लगाइएको क्षेत्रफलमा सामान्य कमी आउँदा पनि उत्पादकत्वमा आएको सकारात्मक वृद्धिले उत्पादन बढ्ने अनुमान गरिएको छ । वर्षे र चैते दुवै गरी चालु आर्थिक वर्षमा कुल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान रोपिएको अनुमान छ । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कमी हो । औषत उत्पादकत्व ४.१९ मेट्रिकटन प्रतिहेक्टरमा पुगेको छ । चैते धान र वर्षे धानको उत्पादन तथा उत्पादकत्व गत आर्थिक वर्षको तुलनामा वृद्धि हुन गएको छ । देशभरि असार दोस्रो सातासम्म १५ प्रतिशत धान रोपाइँ भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १७ गते मंगलबार १ जुलाई २०२५ । षष्ठी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# इन्जिनियरिङ अध्ययनमा अनिवार्य इन्टर्नसिप

**आजका मितिसम्म नेपालमा उपलब्ध रोजगारीको तुलनामा ५ देखि १० गुणाभन्दा बढी इन्जिनियर उत्पादन भइरहेका छन् । उत्पादनको गुणस्तर सुनिश्चित गर्ने कुनै समन्वयात्मक संयन्त्र छैन, न त उनीहरूको दक्षता मूल्याङ्कन गर्ने स्पष्ट मानक नै छ ।**



✍ रविभूषण झा

नेपालमा इन्जिनियरिङ शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय लगायत अन्य शैक्षिक संस्थाले हालै इन्टर्नसिपलाई पाठ्यक्रममै अनिवार्य रूपमा समावेश गर्न थालेका छन् । पहिले आंशिक रूपमा मात्र लागु भएको यो अभ्यास अहिले अधिकांश विश्वविद्यालयमा बाध्यकारी बनेको छ । विशेषत: आर्किटेक्चर शिक्षामा जस्तै दीर्घकालीन अभ्यासको अनुभव पछ्याउँदै इन्जिनियरिङ शिक्षामा पनि व्यावहारिक ज्ञानलाई जोड दिने पहल गरिएको हो ।

यो सकारात्मक देखिने नीति व्यवहारमा जाँदा अनेकौं संरचनागत चुनौती, व्यवस्थापकीय कमजोरी तथा नीतिगत अस्पष्टता देखिन्छ । विश्वका अन्य मुलुकको अनुभवसँग तुलना गर्दा नेपालले के सिक्न सक्छ ? सुधारका कस्ता बाटा छन् ? यो लेखमा यिनै पक्षको विश्लेषण गरिएको छ । नेपालमा इन्जिनियर उत्पादन गर्ने संस्थाहरूको संख्या तीव्र गतिमा बढेको छ तर यिनको नियमन, गुणस्तर र उत्पादनपछि व्यवस्थापन गर्ने राज्यको सोच भने कमजोर छ । राज्यले श्रम बजारको मागको अध्ययन नगरीकन उत्पादनको अनुमति दिएको छ । आजका मितिसम्म नेपालमा उपलब्ध रोजगारीको तुलनामा ५ देखि १० गुणाभन्दा बढी इन्जिनियर उत्पादन भइरहेका छन् । उत्पादनको गुणस्तर सुनिश्चित गर्न कुनै समन्वयात्मक संयन्त्र छैन, न त उनीहरूको दक्षता मूल्याङ्कन गर्ने स्पष्ट मानक नै छ । यो अवस्था भारतमा सन् २००० देखि २०१० को अवधिमा देखिएको थियो, त्यहाँ निजी इन्जिनियरिङ कलेजहरूको बाढी आएपछि 'एआईसीटीई' (अल इन्डिया काउन्सिल फर टेक्निकल एजुकेसन)ले धेरै कलेज बन्द गर्न बाध्य भयो र उद्योग शिक्षा समन्वयमा केन्द्रित नीति ल्यायो ।

नेपालका अधिकांश विश्वविद्यालयले इन्टर्नसिप व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरेका छैनन् । 'करिअर सपोर्ट युनिट' वा 'प्लेसमेन्ट सेल'जस्ता संयन्त्रको अभाव छ, जसले गर्दा विद्यार्थी आफैंले कम्पनी खोज्नुपर्ने बाध्यता छ । यो अवस्था ग्रामीण क्षेत्रका विद्यार्थीका लागि झनै चुनौतीपूर्ण हुन्छ ।

त्यस्तै हाम्रो पाठ्यक्रम स्वयं पनि सैद्धान्तिक छ, उद्योगको माग अनुसार अद्यावधिक गरिएको छैन । व्यावहारिक शिक्षण विधिको प्रयोग नगर्ने प्रवृत्ति अझै कायम छ । भियतनामले सन् २०१० पछिदेखि अपनाएको 'सीडीआईओ फ्रेमवर्क' (कन्सिभ, डिजाइन्, इम्प्लेमेन्ट, अपरेट) मार्फत शिक्षालाई व्यावहारिक बनाउँदै पाठ्यक्रम, शिक्षण शैली र इन्टर्नसिप तीनै पक्षमा सुधार ल्याएको उदाहरण यहाँ सान्दर्भिक छ ।

इन्टर्नसिपको सफल कार्यान्वयनका लागि शिक्षालय र उद्योगबिच बलियो सहकार्य अपरिहार्य हुन्छ । नेपालमा भने कम्पनीहरूले इन्टर्न राख्ने नीति बनाएका छैनन् । विश्वविद्यालयसँग उद्योग समन्वय गर्ने संयन्त्र छैन, न त इन्टर्नसिप मूल्याङ्कन गर्ने स्पष्ट गाइडलाइन नै छ । इन्डोनेसियाको 'ड्युल सिस्टम'मा विद्यार्थीले ३० प्रतिशत समय उद्योगमा बिताउँछन् र त्यस आधारमा ग्रेडिङ हुन्छ । घानामा 'इन्डस्ट्री प्लेसमेन्ट बोर्ड' बनाएर त्रिपक्षीय सम्झौता गरिन्छ । यस्ता अभ्यासले इन्टर्नसिपलाई व्यावहारिक, जिम्मेवार र परिणाममुखी बनाउँछ ।

नेपालमा धेरै विद्यार्थी र अभिभावक इन्टर्नसिपको महत्त्वप्रति सजग छैनन् । विद्यार्थीहरूले यसलाई अनावश्यक बोझ ठान्छन् भने अभिभावकहरूले यसको दीर्घकालीन महत्त्व बुझ्दैनन् । योसँगै पारिश्रमिकको अभाव, यातायात र आवासको समस्या, आर्थिक रूपमा कमजोर पृष्ठभूमिका विद्यार्थीहरूको पहुँचमा कमी– यी सबैले इन्टर्नसिपलाई समावेशी र प्रभावकारी बनाउन अवरोध सिर्जना गर्छन् ।

बङ्गलादेशले 'नेसनल स्किल्स डेभलपमेन्ट स्ट्राटेजी'मार्फत इन्टर्नसिपलाई प्रोत्साहित गर्ने नीति, अनुदान र विश्वविद्यालयहरूको जिम्मेवारी निर्धारण गरेको छ । नेपालको शैक्षिक प्रणालीमा 'कागज मिल्यो भने पुग्यो' भन्ने सोच गहिरोसँग बसेको छ । यही सोच इन्टर्नसिपमा पनि सर्दै छ । जस कारण विद्यार्थीले चिनजानको कार्यालयमा दुई दिन बसेर महिनौंको रिपोर्ट लेख्ने सम्भावना बढ्नेछ । फोटो, दस्तखत र औपचारिकतामा मात्रै आधारित 'प्रोक्सी इन्टर्नसिप'को बाढी आउन सक्छ ।

वास्तविक कार्य अनुभव नहुने तर प्रमाणपत्र हुने यस्तो अभ्यासले दक्ष जनशक्ति उत्पादन होइन, भ्रामक आत्मविश्वास जन्माउनेछ । यस्ता गतिविधिलाई समयमै रोकिएन भने भविष्यमा इन्टर्नसिप गरेकाहरूमध्ये कसले साँच्चै काम गरेको भनी छुट्ट्याउन आयोग नै गठन गर्नुपर्ने अवस्था आउन सक्छ । यस्तो गम्भीर चुनौतीबिच पनि इन्टर्नसिप प्रणाली सुधार गर्ने केही यथार्थपरक उपाय यस्ता छन् ।

यसका लागि विश्वविद्यालयले 'इन्डस्ट्री पार्टनरसिप सेल' स्थापना गर्न सक्छ । सरकारबाट राष्ट्रिय इन्टर्नसिप नीति र निर्देशिका बनाउन सकिन्छ । कम्पनीहरूलाई प्रशिक्षार्थी लिन प्रोत्साहन गर्न 'ट्याक्स इन्सेन्टिभ्स्' उपलब्ध गराउन सकिन्छ । इन्टर्नसिप अघि 'सफ्ट स्किल्स वा रिपोर्टिङ' तालिम अनिवार्य गर्न सकिन्छ । प्रभावकारी 'मनिटरिङ एन्ड एभालुएसन' प्रणाली निर्माण गर्न सकिन्छ ।

**निष्कर्ष**: नेपालमा इन्जिनियरिङ इन्टर्नसिपलाई अनिवार्य बनाउनु शिक्षा क्षेत्रको बहुप्रतीक्षित सुधारको एक हिस्सा हो, तर योजनाविहीन कार्यान्वयन, संरचनागत कमजोरी र राज्यको असंवेदनशीलताले यो प्रणालीलाई असरहीन औपचारिकता बनाउने खतरा छ । अन्य देशहरूबाट सिक्दै नेपालले अब 'कति उत्पादन गऱ्यौं ?' होइन 'कस्तो उत्पादन गऱ्यौं ?'मा केन्द्रित हुनुपर्छ । इन्टर्नसिपलाई केवल पाठ्यक्रमको हिस्सा होइन राष्ट्रिय शिक्षा र श्रम नीतिको कडीका रूपमा लिइनुपर्छ । हामीले अब इन्टर्नसिपलाई व्यावहारिक, पारदर्शी र उद्देश्यपरक बनाउने संरचना तयार गरेनौं भने यो प्रणाली पनि नाम मात्रको अभ्यास बन्नेछ अनि त्यो अवस्था शिक्षा, श्रम र राष्ट्र दुवैका लागि नकारात्मक सन्देश हुनेछ ।

*(साभार: रातोपाटी)*

# लोकतन्त्रलाई क्षतविक्षत पार्दै दलतन्त्र



✍ सुशील गौतम

लामो संघर्ष र ठूलो बलिदानपछि गणतन्त्र प्राप्त भएको दुई दशक पूरा नहुँदै आम जनतामा अस्वाभाविक स्तरको निराशा देखिएको छ । सामाजिक सञ्जाल हेर्दा होस् वा शहर, बजार, चियागफ अथवा गाउँको चौतारी चारैतिर जनतामा निराशा र आक्रोश देखा परेको छ । यो हदसम्मको निराशा कत्तिको उचित, व्यावहारिक वा तर्कसंगत हो ? त्यो फरक कुरा हो तर नेपाली समाजको धरातलीय यथार्त यही हो । सत्तामा बस्ने सानो समुदायले स्थितिको यो परिदृश्य मूलभूतरुपमा सही तस्वीर हैन भन्ने कुरामा बेलामौकामा जोड नदिने होइनन् तर तिनै जब विपक्षमा पुग्छन् यही निराशा र आक्रोश भएको कुरालाई स्वीकार गर्न थाल्छन् ।

लाखौं नेपाली जनतालाई नयाँ आशा, नयाँ उमंग र नयाँ सम्भावना बोकेर आएको लोकतान्त्रिक गणतन्त्रमा पनि नागरिक किन निराशा ? किन असन्तुष्ट ? के राजावादीहरुले भनेझैं व्यवस्थाप्रतिको मोह भंग हो ? वा व्यवस्थामा सानो अवधिमा नै विशालरुपमा झाँगिएका विकृतिप्रतिको असन्तुष्टि हो ? भन्ने प्रश्नमा धेरै समय खेर फाल्न जरुरी छैन । जनतामा व्याप्त निराशा वा असन्तुष्टि, लोकतन्त्र, गणतन्त्रविरुद्ध हैन, लोकतन्त्र र गणतन्त्रको नाममा राजनीतिक दल र नेतृत्वले गरेका तमाम विकृति, विषेशत: सुशासनको अभाव, सत्ता र शक्तिद्धारा हुने राज्यको चरम दोहन, राजनीतिक अस्थिरता, सिद्धान्तहीन गठबन्धन, राज्यका सबैजसो निकायमा चरम दलीयकरण र त्यस्ता विकृतिले स्वाभाविक रुपमा निम्त्याउने आर्थिक संकट, महँगी, बेरोजगारी आदि हुन् । यी तमाम विकृति र राजनीतिक नेतृत्वबाट त्यसको लगातार प्रयोगले जनतामा राज्यका निकाय र राज्यसञ्चालकप्रति नै विश्वासको संकटले पनि जनतामा निराशा बढाएको छ ।

आम जनतालाई निराश, दु:खी, अपहेलित बनाउनुमा थुप्रै प्रमुख कारक तत्व छन् । ती मध्ये 'दलतन्त्र' पनि एउटा प्रमुख कारक तत्व रहेको छ । लोकतन्त्र भनेकै विचारको विविधता हो । भिन्न-भिन्न दृष्टिकोण, विचार, सिद्धान्त र परिकल्पना लोकतन्त्रमा स्वाभाविक मात्र छैन, अनिवार्य मानिन्छ । यस्ता समान विचार राख्नेहरु एक-आपसमा संगठित भएर दलको स्वरुप लिन्छन् । त्यसैले राजनीतिक दलहरु लोकतन्त्रका अनिवार्य पक्ष हुन् । आवधिक निर्वाचनमा ती जनताबीच एक-अर्काको विकल्पको रुपमा प्रस्तुत हुन्छन् र जसलाई जनताले अनुमोदन गर्दछन्, जनसम्मति अनुसार संविधान, कानुन, लोकतान्त्रिक मूल्यका अधीनमा रहेर शासन गर्दछन् । लोकतन्त्रको मूल चरित्र भनेको राज्यको सबै क्षेत्रमा संविधानअनुसार जनताको सर्वोच्चता हो ।

लोकतन्त्रमा दलहरुको भूमिका निकै महत्वपूर्ण भए पनि त्यो लोकतान्त्रिक मर्म चरित्र एवम् जनताको सर्वोच्चताको अधीनमा हुन्छ । जनताको सर्वोच्चताको अर्थ आवधिक निर्वाचनको बेला मात्र हैन, सधैंभरि नै हुने सर्वोच्चता हो । तर नेपालको स्थिति फरक छ । यहाँ संवैधानिक रुपमा लोकतान्त्रिक गणतन्त्र भए पनि आम नागरिकको अनुभवमा लोकतन्त्र कमजोर र दलतन्त्र बलियो छ । मुलुकका महत्वपूर्ण नीति निर्माण कार्यान्वयन औपचारिक वा देखावटीरुपमा संवैधानिक तरिकाले भए पनि वास्तविक रुपमा दल अझ ती दलका सीमित नेताहरुको मुठ्ठीमा छ ।

संसद् संसद्जस्तो छैन । दलीय व्यवस्थामा संसद्मा हुने महत्वपूर्ण कुरामा दलको निर्देशन हुनु स्वाभाविक भए पनि हरेकजसो कुरामा दल र नेताको वर्चश्व अस्वाभाविक हो । समिति होस् वा फूल हाउस त्यहाँ सांसदहरु आफ्नो सर्वोत्तम विवेकको होइन, दलका कारिन्दाजस्ता देखिन्छन् । कुनै महत्वपूर्ण निर्णय लिनुपऱ्यो भने सिङ्गो संसद् एक भए पनि अन्तिम इशारा दल अझ यसका शीर्ष नेताको चाहिँदा यसले संसद्ले जनभावनाको प्रतिनिधित्व गर्ने संस्थाभन्दा 'दलतन्त्र' को लाचार छाया हुन पुगेको छ । संसदीय दलका बैठकहरु मुक्त छलफलको थलोभन्दा नेताले निर्देशन 'बक्स' हुने निर्जीव थलोजस्ता भएका छन् । भिन्न मत, वैकल्पिक मतलाई, दलभित्रको आन्तरिक लोकतन्त्रलाई दलतन्त्रले पूरै निषेध गरेको छ ।

लोकतन्त्रको विषेशता भनेको कुनै पनि अंग आफैंमा एक्लै सर्वोच्च नहुने हो । त्यसैले यहाँ नियन्त्रण र सन्तुलनको लागि विभिन्न संवैधानिक अंगको व्यवस्था गरिन्छ । हाम्रो संविधानले पनि सोही परिकल्पनानुसार संवैधानिक अंगहरुको व्यवस्था गरेको छ, जसले गर्दा संवैधानिक अंगबीच नियन्त्रण र सन्तुलन राख्न सकून् । तर नेपालमा दलतन्त्रले लोकतन्त्रको यस प्रमुख र अनिवार्य विषेशतालाई पङ्गु गराइदिएको छ । सर्वोच्च अदालत र मातहतका अदालतहरु, न्यायपरिषद्, अख्तियार, निर्वाचन आयोगलगायत पार्टी राजनीतिबाट पूरै अलग हुनुपर्ने संस्थाहरु दलतन्त्रले गर्दा आफ्नो विश्वसनीयता आफैं कमजोर बनाएका छन् ।

यी संस्थाहरुमा खुलेयाम निर्लज्जरुपमा फलानो पार्टीको कोटा भन्दै नियुक्ति हुन्छ । कोटाका लागि सत्तारुढ घटकबीच महिनौं सार्वजनिक रुपमा तानातान हुन्छ । सत्तारुढ दलहरु मात्र होइन, विपक्षी दलहरु पनि कोटाका लागि बार्गेनिङ गर्दछन् । कोटाबाट नियुक्त भएकाहरु स्वभाविक रुपले आफ्नो संवैधानिक दायित्वभन्दा कोटा प्रदान गर्ने दल र नेताप्रति जिम्मेवार हुन्छन् । त्यसरी नियुक्त भएकामध्ये कसैले स्वतन्त्ररुपमा कुनै काम गर्दा पनि आम जनतामा विश्वासको संकट कायमै रहन्छ । संवैधानिक अंग र त्यहाँ रहेका व्यक्तिहरुप्रति आम जनतामा विश्वासको संकट देखा पर्नु निकै खतरनाक हुन्छ र यसले मुलुकलाई अराजकतातर्फ लग्न सक्छ ।

त्यसो त दलतन्त्रको हस्तक्षेपबाट राज्यका कुनै अंग पनि मुक्त छैनन् । विश्वविद्यालयजस्ता उच्च प्राज्ञिक संस्थाहरुका उच्च पदहरुमा नियुक्ति दलका कोटामा भागवण्डामा हुन्छन् । भागवण्डामा चित्त नबुझाउने दलले भ्रातृ संगठनलाई लगाएर तालाबन्दी, तोडफोडमा उत्रिन्छन् । दल निकट विद्यार्थी संगठन विद्यार्थी हकहितका लागि भन्दा दलतन्त्रको औजारका रुपमा प्रयोग भएका छन् । त्यसैले हिजोको गौरवमय विद्यार्थी आन्दोलनको पुरानो अस्मिता भंग भएको छ । विश्वविद्यालयमा उच्च पद मात्रै होइन, प्राध्यापक कर्मचारीको नियुक्ति दलको भागवण्डा र कोटामा हुन्छ । प्राध्यापक र कर्मचारीका दलपिच्छे संगठनहरुमा आवश्यकताको मूल भावना दलतन्त्रमार्फत फाइदा उठाउने हुन्छ । यसका थुप्रै उदाहरण यस पङ्क्तिका लेखकसँग पनि छ । पाठकका लागि ती मध्ये एउटा उदाहरण पेस गर्न चाहन्छु । म त्रि.वि.को एउटा आंगिक क्याम्पसमा कार्यरत हुँदाको घटना हो । क्याम्पसमा कुनै एक विषयको लागि तीनजना आंशिक शिक्षकको माग गरियो । तीनवटाको ठाउँमा दुईवटा नै पुग्ने थियो तर कांग्रेस, एमाले, माओवादीलाई एक-एकवटा भाग चाहिने ।

सार्वजनिक सूचना प्रकाशित भएकाले धेरैले दरखास्त दिनु स्वाभाविक थियो । प्रक्रिया पूरै मिलाइएको थियो । आवेदन दिनेमध्ये एकजनाको स्नाकोत्तरमा अत्यन्त धेरै नम्बर थियो तर उहाँ छनोट हुने सम्भावना थिएन । किनकि उहाँ कोटामा पर्नुभएको थिएन । एकदिन एकाबिहान उहाँ मेरो घरमा आउनुभयो । के हुन्छ सर भनेर सोध्नुभयो । मैले सत्य लुकाउन सकिन र भनिदिएँ- अरु सबै नाटक हो, दलीय भागवण्डामा नियुक्ति हुन्छ । उहाँ चिन्तित हुँदै भन्नुभयो- 'हुन त म पनि वामपन्थी हो' । माआवादी र एमालेको कोटाबाट नियुक्त हुने व्यक्ति निश्चित भैसकेको थियो । त्यसैले उहाँ ती दलको कोटाबाट नियुक्ति हुने सम्भावना थिएन । तिनताका विप्लव समूह निर्वाचन बहिष्कारको क्रममा भूमिगत थियो । मैले विप्लव समूहसँग सम्पर्क राख्न भनें । उहाँले विप्लव समूहको रसिद (सम्बन्धित दल निकट प्राध्यापक संघको सदस्यता) काट्नुभयो कि भएन, मलाई थाहा भएन तर विप्लव निकट विद्यार्थीले क्याम्पस प्रमुखको कार्यकक्षमा ताला लगाइदिए । भर्ना प्रक्रिया अवरुद्ध भयो ।

अन्तत: तीन सिटको लागि गरिएको दरखास्त आह्वानलाई बढाएर ४ गरियो र उहाँ विप्लव समूहको कोटाबाट नियुक्त हुनुभयो । यो त एउटा सामान्य उदाहरण हो । दलका अगाडि योग्यता, क्षमता पराजित भएका यस्ता सयौं उदाहरण छन् । प्राध्यापकजस्तो पेसामा योग्यताको मापदण्ड प्राज्ञिक क्षमता हैन, दलको कोटामा हुन्छ भने त्यसको पढाइको स्तर कस्तो होला ? विश्वविद्यालयका उच्च पदाधिकारी, डिन, क्याम्पस प्रमुखलगायतको नियुक्ति दलको भागवण्डाको आधारमा हुने भएपछि आफ्नो पेसागत उन्नति, अध्ययन-अनुसन्धानबाट होइन, दल र नेताको चाकरीबाट हुने भएपछि त्यसको परिणाम कस्तो होला ? शिक्षा, स्वास्थ्य, निजामती, संस्थानलगायतका क्षेत्रमा कार्यरतले मेरो पेसागत प्रगति, मेरो पेसागत निष्ठाबाट हैन, नेता र दलको चाकरीबाट हुन्छ भन्ने बोध भएपछि ऊ आफ्नो पेसाप्रति कति निष्ठावान् होला ?

नागरिक समाजका सबै अंग दलीय राजनीतिको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा छन् । पत्रकारहरु हुन् वा वकिल, निजामती हुन् अथवा संस्थानका कर्मचारी वा विश्वविद्यालयजस्ता स्वायत्त संस्थाहरु नै किन नहुन्, सबैमा दलतन्त्रको छाया छ । केन्द्रका संवैधानिक निकायदेखि गाउँघरका विद्यालय व्यवस्थापन, कुलोपानी समिति, वन समिति सबै क्षेत्रमा यसको प्रभुत्व छ । दलीय राजनीतिले छुनै नहुने रेडक्रसजस्ता विशुद्ध माननीय संस्थादेखि साझा आस्थाका केन्द्र मठमन्दिर, गुम्बा, मस्जिद, चर्चसम्म दलतन्त्रले आफ्नो प्रभाव विस्तार गरेर नकारात्मक असर पारेको छ । यसले गर्दा कतिपय कुरामा हुने साझा चिन्तन, साझा सहकार्य र साझा प्रतिबद्धता हुन नदिएर अनावश्यकरुपमा समाजमा तिक्तता उत्पन्न गराएको छ । समाजलाई स्वतन्त्र, स्वचालित र स्वायत्त हुनुमा बाधा सिर्जना गरेर लोकतान्त्रिक संस्कृतिको विकासमा अवरोध हुन पुगेको छ ।

जतिसुकै योग्यता भए पनि, जतिसुकै सक्षम भए पनि दलीय राजनीतिमा प्रत्यक्ष संलग्न नभएकालाई नेपालमा अवसरको सम्भावना न्यून छ । जागिर खान (अपवादमा लोकसेवालगायतका केही संस्था), व्यापार गर्न, ठेक्कापट्टा गर्न, कतै नियुक्त हुन, पेसागत संस्थामा उम्मेदवार हुन, राज्यबाट हुने नियुक्ति, सम्मान प्राप्त गर्न, दलीय भागवण्डामा सामेल नभए प्राय: सम्भव नै छैन ।

दलतन्त्रले हाम्रो सम्पूर्ण राज्य निकायदेखि समाजका सबै संस्थाहरुमा नकारात्मक प्रभाव पारेको कुरामा दलका शीर्ष नेतादेखि सबै सहमत छन् । बेलामौकामा यस्तो परम्परा अन्त्य हुनुपर्दछ भनेर सार्वजनिक रुपमा भनेको पनि सुनिन्छ तर तिनैले व्यवहारमा दलतन्त्रलाई बढावा दिएर दोहोरो मापदण्ड कायम गरेका छन् । दलतन्त्र यति जबरजस्त छ कि दलीय भागवण्डामा कुरा नमिल्दा नेपालमा सत्ता गठबन्धन टुटेका उदाहरण छन् ।

लोकतन्त्रको आदर्श भनेको सबै किसिमको लोभ र भयबाट मुक्त हुनु हो । तर दलतन्त्रले मान्छेलाई लोभी बनाउँछ, चाकर बनाउँछ । राजनीतिमा दास संस्कृति उत्पन्न गर्दछ र नेता र नेतृत्वको पूजा गर्ने सामन्तकालीन राजनीतिक संस्कृतिलाई बढावा दिन्छ । दलतन्त्रले आलोचनात्मक चेत कमजोर पार्दछ । किनभने नेताको आलोचना गरे अवसर र सुविधा नपाउने भय रहन्छ । नेपालमा नागरिक समाज र बुद्धिजीवीहरुमा समेत आलोचनात्मक चेत कमजोर हुनुमा दलतन्त्रले उत्पन्न गरेको यस मनोविज्ञानले प्रमुख रुपमा काम गरेको छ । दलतन्त्रको विरोध गर्नुको अर्थ दलविहीनताको समर्थन गरेको पटक्कै होइन । लोकतान्त्रिक समाजमा विचारको बहुलता हुने भएकाले ती विचारको प्रतिनिधित्व गर्ने बहुदल हुनु, नागरिक स्वेच्छाले तिनमा संलग्न हुनु स्वाभाविक हो ।

दलगत संलग्नता नभएकाहरु पनि विचारधारात्मक रुपले कसैको नजिक हुनु पनि अस्वाभाविक होइन तर यी सबै प्रक्रियाका लोकतान्त्रिक मूल्य-आदर्श कायम राख्न, स्वतन्त्र जनमत निर्माण गर्न दलीय योग्यताको आधारमा होइन, योग्यता, क्षमता र मेहनतका आधारमा मेरो प्रगति हुन्छ भन्ने आम जनतामा विश्वास दिलाउन, राज्यले जाति, वर्ग, समुदाय, लिङ्ग आदिको साथै निश्चित दलमा संलग्न भए वा नभएको आधारमा भेदभाव हुँदैन भन्ने व्यवहारमा नागरिकलाई विश्वास दिलाउन दलतन्त्रको समाप्ति अनिवार्य छ । यसले मात्र जनतामा राज्यप्रति गुमेको विश्वास पुन: स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रप्रति जनतामा उत्साह स्थापना गर्दै, लोकतन्त्र र गणतन्त्रलाई थप बलियो पार्नुको साथै दलतन्त्रलगायत अहिले देखिएको विकृतिको फाइदा उठाएर लोकतन्त्र, गणतन्त्रमाथि नै प्रहार गर्ने शक्तिहरुलाई कमजोर पार्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

### एएफसी महिला एसियन कप छनोट :

# एक सयौं खेलमा फराकिलो जित र कप्तान सावित्राको ह्याट्रिक



काठमाडौं/सावित्रा भण्डारीको कप्तानी डेब्युमा ह्याट्रिक अनि १००औं अन्तर्राष्ट्रिय खेलमा नेपालको सानदार जित । नयाँ प्रतिद्वन्दी लाओसलाई ९-० को फराकिलो अन्तरले पराजित गर्दै उज्वेकिस्तानमा नेपालले एएफसी महिला एसियन कप छनोटमा आइतबार विजयी सुरुवात गरेको छ । छनोटको समूह एफको पहिलो खेलमा सानदार जितसहित १००औं अन्तर्राष्ट्रिय खेललाई पनि ऐतिहासिक बनाएको छ । यसै खेलबाट गोलमेसिन सावित्राले नेपालका लागि कप्तानी डेब्यु गरिन् । उनले उज्वेकिस्तानको गर्मीमा कप्तानी डेब्युमै ४ गोल ठोकिन् ।

यस्तै नेपालको बेल्जियन मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डले पनि राष्ट्रिय टिम डेब्युमा जितको स्वाद चाखे । तास्केन्तमा नेपालका लागि सावित्राले ४ गोल गर्दा अनिता बस्नेत, सरु लिम्बु, रश्मिकुमारी घिसिङ र अनिता केसीले १-१ गोल गरे । लाओसले एक आत्मघाती गोल नेपाललाई उपहार दिएको थियो । यसै खेलमार्फत मिडफिल्डर सरस्वती हमालले नेपाली महिला राष्ट्रिय टोलीमा डेब्यु गरिन् ।

मुख्य प्रशिक्षक वाइल्डले पराकिलो जितले खुशी बनाएको बताए । उनले हरेक खेललाई स्टेफ बाई स्टेप लिने बताए । यस्तै मैदानमा उत्रेका र बाहिरका सबै खेलाडीहरुबाट आफू प्राउड रहेको पनि बताए । अट्याकिङ फुटबल खेल्ने कोचको रणनीति अनुसार खेलेको र ९-० स्कोर आएको रेनुका नगरकोटेले बताइन् । उनले समग्रमा खेल राम्रो भएपनि स्कोरिङमा अझ कमजोरी रहेको बताइन् ।

मुख्य खेल उज्वेकिस्तानसँग भएपनि एक पटकमा एक खेललाई सोचेर अघि बढ्ने उनले बताइन् । रेनुकाले मुख्य लक्ष्य एसियन कपमा छनोट हुने रहेकोले सबैजना मोटिभेट भएर खेलिरहेको बताइन् । पहिलो हाफमा दुई गोल गरेको नेपालले दोस्रो हाफमा ७ गोल थपेको थियो ।

अनिता बस्नेतले १२औं मिनेटमा सविता रना मगरको हेडर पासमा गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । सावित्राले ४४औं मिनेटमा अनिता बस्नतेकै क्रसमा गोल गर्दै अग्रता दोब्बर पारिन् ।

दोस्रो हाफको दोस्रो मिनेटदेखि नै नेपालले गोल गर्न थाल्यो । आफ्नो ५०औं अन्तर्राष्ट्रिय खेल खेलेकी सरुले ४७औं मिनेटमा गोल गर्दै नेपालको अग्रता तेब्बर पारिन् । सावित्राले ५५औं मिनेटमा आफ्नो दोस्रो गोल गरिन् । उनले ७५औं मिनेटमा ह्याट्रिक पूरा गरिन् भने त्यसको एक मिनेटपछि व्यक्तिगत चौथो गोल गरिन् ।

रश्मीले ५६औं र अनिता केसीले ८३औं मिनेटमा गोल गरिन् । नेपालले ८८औं मिनेटमा नवौं गोल गर्‍यो । सावित्राले हानेको प्रहार लाओसका खेलाडीलाई डिफ्लेक्ट हुँदै गोल भएको थियो ।

**प्रशिक्षकको फरक रणनीति**

प्रो लाइसेन्स प्राप्त वाइल्ड मुख्य प्रशिक्षक बनेयता नै चर्चा थिए । उनको दुई दशक लामो कोचिङ अनुभवलाई नेपाली टिममा बाँड्ने र सफलता दिलाउन प्रयास गर्ने बताएका थिए । आफ्नो पहिलो खेलमै उनले फरक रणनीतिमा नेपाललाई मैदान उतारे । डिफेन्समा तीन खेलाडी खेलाएका वाइल्डले प्रीति राईलाई बेन्चमा राख्दै अनिता बस्नेतलाई पहिलो रोजाइमा खेलाएका थिए भने सरस्वती हमाललाई डेब्यु गराउँदै सरु लिम्बु र सरस्वतीलाई डिफेन्सिभ मिडफिल्डमा खेलाएका थिए ।

नेपालबाट उज्वेकिस्तान प्रस्थान गर्दा नेपालको कप्तान नतोकेकाले कप्तान को होला भन्ने पनि धेरैको चासो थियो । यस पटक कप्तान फेरिन सक्ने संकेत थियो । नेपालको पहिलो रोजाइ घोषणा हुँदा मिडफिल्डर तथा पूर्व कप्तान रेनुका नगरकोटेलाई कप्तानको जिम्मा दिइएको थियो । एन्फाले पनि रेनुकाले कप्तान गर्ने पोष्ट गरेको थियो ।

तर खेल सुरु हुने बेला भने सावित्रा भण्डारी कप्तानको आर्मब्याण्ड लगाएर मैदान प्रवेश गरिन् । एकैछिनमा कप्तानको निर्णय परिवर्तन भयो । लाइनअपमा गल्ती थियो वा किन र कसरी एकै छिनमा कप्तान परिवर्तन गरियो त्यो अर्को बहसको विषय होला । मुख्य प्रशिक्षक र टिम म्यानेजमेन्ट नै यो विषयमा बढी जानकार होलान् । यदि कप्तान चुन्ने विषयमा पनि कसैको दबाब र प्रभाव भएको हो भने त्यो नेपाली फुटबलका लागि पक्कै राम्रो संकेत भने होइन ।

जे होस् नेपालका लागि सर्वाधिक गोलकर्ता देखि युरोपमा खेल्ने कीर्तिमान सम्म बनाएकी सावित्राले नेपालका लागि नेतृत्व समेत गरिन् । ऐतिहासिक खेलमा कप्तानको आर्मब्याण्ड लगाएर ह्याट्रिक गर्दै उनले यस खेललाई यादगार भने बनाइन् । सावित्रा नेपालको महिला टिमलाई नेतृत्व गर्ने ११औं कप्तान समेत बनिन् । सावित्राको कप्तानी डेब्यु, प्रशिक्षकको सिनियर नेसनल टिम डेब्यु, सरस्वती हमालको डेब्यु, महिला एसियन कप छनोटमा पहिलो जित जस्ता विषय भने सम्झनलायक रहे ।

**१००औं खेलको तथ्यांक**

नेपाली महिला फुटबल टिमले अन्तर्राष्ट्रिय फुटबल खेल्न थालेको चार दशकमा १००औं खेल पूरा गरेको छ । त्यसमा करिब आधा खेलमा नेपाल विजयी भएको छ । नेपालले लाओसलाई हराएपछि ४७ खेलमा जित हात पार्‍यो । यस्तै १६ खेलमा बराबरी नतिजा निकालेको छ भने ३७ खेलमा पराजित भएको छ । नेपालको महिला टोलीले अहिलेसम्म कुनै अन्तर्राष्ट्रिय उपाधि भने जित्न सकेको छैन ।

यस्तै यो अवधिमा नेपालले तीन पटक एसियन कप पनि खेलिसकेको छ भने अन्य विभिन्न क्षेत्रिय प्रतियोगिता पनि खेलेको छ । सन् १९८६ मा पहिलो पटक एसियन कप खेलेको नेपालले सन् १९८९ र १९९९ मा पनि एसियन गेम खेलेको थियो । सन् २०१० यता भने नेपाली महिला फुटबल टोलीले धेरै खेल खेल्यो, विभिन्न प्रतियोगितामा पनि खेल्यो ।

नेपाली महिला टोली साफमा ६ पटक उपविजेता (२०१०, २०१२, २०१४, २०१९, २०२२, २०२४) बनेको छ । सुरुमा चार फाइनलमा भारतसँग पराजित भएको नेपाल पछिल्लो दुई फाइनलमा बंगलादेशसँग पराजित भएको थियो ।


सन् २०१६ मा भने नेपाल सेमिफाइनलबाटै बाहिरिएको थियो । यस्तै तीन पटक दक्षिण एसियाली खेलकुद (साग)मा मा उपविजेता बन्दै रजत जितेको थियो । सन् २०१०, २०१६ र २०१९ को सागमा नेपाल उपविजेता बनेको थियो । तीनै पटक भारतसँग पराजित भएको थियो ।

यस्तै सन् २०१८ को हिरो गोल्डकप, सन् २०१९ को नादेज्दा गोल्डकप र सन् २०२४ को वाफ च्याम्पियनसिपमा नेपाल उपविजेता भएको थियो । हिरो गोल्डकपमा म्यानमार, नादेज्दामा उज्वेकिस्तान र वाफमा जोर्डनसँग फाइनलमा पराजित भएको थियो । नेपाली महिला टोलीले सन् २०२३ मा चीनमा भएको १९औं एसियन गेम्समा समेत प्रतिस्पर्धा गरेको थियो । यसबाहेक नेपालले ओलम्पिक महिला फुटबल छनोट प्रतियोगिताहरू समेत खेलेको छ । नेपाली महिला टिमले खेलेको सबैभन्दा बलियो टिम जापान हो । यस्तै नेपालले भियतनाम, थाइल्याण्ड, उज्वेकिस्तान, म्यानमार, फिलिपिन्स, हङकङ, इन्डोनेसिया, जोर्डन, भारत जस्ता आफूभन्दा माथिको वरियताको बलियो टिमसँग पनि खेलेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कृषिप्रधान देशमा कृषिक्षेत्रले विविध चुनौतीको सामना गर्नुपरेको छ: प्रदेशप्रमुख

साझाकुरा संवाददाता



हेटौंडा, १५ असार/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले नेपाल कृषिप्रधान देश भएपनि कृषिक्षेत्रले विविध चुनौतीको सामना गर्नुपरेको बताएका छन् ।

राष्ट्रिय धान दिवस २०८२ को अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले वर्तमान परिवेशमा जलवायु परिवर्तनको असर, खेतीयोग्य जमिनको ह्रास, खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति, युवाको कृषिप्रतिको घट्दो आकर्षण जस्ता समस्याले कृषिक्षेत्रलाई थप संवेदनशील बनाएको बताए । यस अवस्थालाई बदल्न सोचाइ, नीति, प्रविधि, अनुसन्धान र व्यवहारमा आमूल परिवर्तन हुनु नितान्त आवश्यक भएको उनको भनाई छ । सम्बन्धित निकायले कृषकमैत्री नीति निर्माण, बीउ, मलखाद र सिँचाइमा पहुँच, आधुनिक उपकरणको प्रयोग प्राथमिकता दिनुपर्ने सन्देशमा उल्लेख छ ।

प्रदेशप्रमुख देवकोटाले धान उत्पादन राष्ट्रिय आवश्यकता र दिगो समृद्धिको अनिवार्य सर्त भएको बताए । धान केवल अन्नबाली मात्र नभई समाजको भावनात्मक, सांस्कृतिक र आर्थिक संरचनाको मेरुदण्ड भएको उनको धारणा छ । यसवर्षको राष्ट्रिय धान दिवसले सम्पूर्ण कृषकसमुदायमा थप उत्साह, आत्मबल र समर्पणको भावना जागृत गराउने अपेक्षा उनले राखेका छन् । प्रदेशप्रमुख देवकोटाले धान उत्पादन राष्ट्रिय आवश्यकता र दिगो समृद्धिको अनिवार्य सर्त भएको बताए । उनले नेपाल कृषिप्रधान देश भएकाले धान मुख्य बाली भएको उल्लेख गरे ।

'हरेकवर्ष असार १५ गते मनाइने राष्ट्रिय धान दिवसले आमकृषकलाई सम्मान, कृषिप्रणालीमा नवप्रवर्तन र खाद्यसुरक्षाको सुनिश्चित्ता तर्फको साझा प्रतिवद्धतालाई स्मरण गराउँछ, सम्पूर्ण मेहनती किसान दाजुभाइ तथा दिदीबहिनीलगायत सबैमा धान दिवस तथा रोपाइँ महोत्सव २०८२ को हार्दिक शुभकामना प्रकट गर्दछु' उनले भनेका छन् । वर्षभरको कृषि कर्मको आधारशिलास्वरुप सुरु हुने रोपाइँको यस सन्दर्भमा कृषकको श्रम, प्रकृतिसँगको सहकार्य र इतिहास तथा परम्परागत संस्कृतिको जगेर्ना एकसाथ गर्न सन्देश दिएका छन् ।

धान केवल अन्नबाली नभइ समाजको भावनात्मक, सांस्कृतिक र आर्थिक संरचनाको मेरुदण्ड, श्रम, आशा र भरोसाको प्रतीक भएको उनले स्पष्ट पारेका छन् । धानबालीमा सघनता : खाद्यसुरक्षा र आत्मनिर्भरता भन्ने राष्ट्रिय नाराका साथ २२ औं राष्ट्रिय धान दिवस र रोपाइँ महोत्सवकारुपमा मनाइदै छ ।

# अधिक भारबहन क्षमताका सवारी सञ्चालनमा रोक




साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ मकवानपुरको प्याङ्चे-चैनपुर सडकखण्डमा अधिक भारबहन क्षमताका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

पूर्वपश्चिम राजममार्ग अन्तर्गत मनहरी बजार र राक्सिराङ गाउँपालिकाको केन्द्र जोड्ने प्याङ्चे-चैनपुर सडक खण्डको आँपखोल्ची पुल पहिरोले जोखिममा पारेसँगै अधिक भारबहन क्षमतका सवारी साधन यो सडकमा सञ्चालनमा रोक लगाएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । आँपखोल्ची पुल पहिरोले क्षति पुर्‍याई कमजोर भएको र अन्य स्थानमा सडक साँधुरो र संरचनागत दृष्टिले कमजोर रहेकोले सवारीसाधन जोखिमका कारण सञ्चालनमा रोक लगाइएको गाउँपालिका अध्यक्ष मल्लले जानकारी दिएका छन् ।

विगत केही दिनदेखि यसै सडकखण्ड हुँदै बालुवा र ढुंगाको अत्याधिक भारबोकेका हेभी ट्रिपरहरुको आवत जावत भइरहेको भन्दै गाउँपालिका अध्यक्ष मल्लद्वारा जारी सूचनामा भनिएको छ, 'यसबाट सडक क्षतिग्रस्त हुने, कम्पनको कारणले पहिरो जानसक्ने र पूर्वाधारको क्षतिसँगै जनधनको क्षति हुनसक्ने जोखिम बढेकोले यो सडकखण्डमा हेभी सवारी साधनलाई ओसारपसार गर्न पूर्णत: निषेध गरिएको छ ।'

पालिकाद्वारा जारी सूचनाको उल्लंघन गर्ने विरुद्ध प्रचलित कानुन बमोजिम कारबाही गरिने सूचनामा भनिएको छ । 'सडक सुरक्षको हित, जनधनको सुरक्षा, पूर्वधार र प्राकृतिक स्रोतको संरक्षण र यस सम्बन्धमा अवाञ्छित गतिविधि नियन्त्रणमा सम्बन्धित सरकारी निकाय र सम्पूर्ण सरोकारवालाको सहयोगको अपेक्षा गर्दछौं', अध्यक्ष मल्लद्वारा जारी सूचनामा उल्लेख छ ।

# नेटवर्थबारे अर्थ र लेखा समितिका फरक पत्रले रनभुल्लमा धितोपत्र बोर्ड




काठमाडौं/गत ५ जेठमा नेपाल धितोपत्र बोर्डले आईपीओको पाइपलाइनबाट १४ कम्पनीलाई हटायो । तीमध्ये १३ कम्पनीको प्रतिसेयर नेटवर्थ ९० भन्दा कम भएकै कारण हटाइएको थियो । त्यस्तै ९० भन्दा कम नेटवर्थ भएका कम्पनीले आईपीओका लागि दिएका आवेदन पनि अस्वीकृत हुँदै आएका छन् ।

लामो समयसम्म धेरै प्रक्रिया पूरा गर्दै बोर्डसामु आईपीओको स्वीकृति लिन गएका कम्पनीलाई पाइपलाइनबाट हटाएर पुन: नयाँ प्रक्रियाबाट काम गर्न भनेपछि ती कम्पनी असन्तुष्ट छन् । बोर्डले लेखाको पत्र देखाउँदै ती कम्पनीलाई पाइपलाइनबाट हटाएको थियो । लेखाले १२ पुस २०८० मा नै बोर्डलाई पत्र पठाउँदै प्रतिसेयर नेटवर्थ ९० भन्दा कम रहेका कम्पनीलाई आईपीओको अनुमति नदिन भनेको थियो ।

निर्देशन पालना भए/नभएका सम्बन्धमा समेत लेखाले पछिसम्म जानकारी माग गर्दै आएको थियो । लेखाको निर्देशनकै कारण बोर्डले अहिलेसम्म ९० भन्दा कम नेटवर्थ भएका कुनै पनि कम्पनीलाई आईपीओ निष्कासनको अनुमति दिएको छैन । लेखाको निर्देशनपछि बोर्डले नै ९० भन्दा कम नेटवर्थ भएका कम्पनीलाई आईपीओको अनुमति नदिने निर्णय गरेको थियो ।

गत १९ जेठमा फेरि अर्थ समितिले बोर्डलाई ९० भन्दा कम नेटवर्थ भएका कम्पनीलाई आईपीओ निष्कासन रोक्नुपर्नेगरी नीतिगत व्यवस्था नरहेकाले कानुन अनुसार गर्नु भन्दै पत्र पठायो । '९० भन्दा कम नेटवर्थ भएकालाई आईपीओ निष्कासन रोक्ने व्यवस्था विद्यमान कानुनी व्यवस्था नरहेकाले अहिलेको कानुनी व्यवस्थाअनुसार अघि बढ्नु' पत्रमा भनिएको छ ।

अर्थ समितिको पत्र र लेखाको पत्र एकअर्कासँग बाझिएका छन् । अहिले बोर्ड नै रनभुल्लमा छ । यहीं कारण बोर्डले लेखाको निर्देशनलाई पनि उल्लेख गर्दै अर्थलाई अर्को पत्र पठाएको छ । 'लेखाको निर्देशन र अर्थको निर्देशन मेल नखाएकाले अर्थलाई फेरि जानकारीसहितको पत्र पठाएका छौं' एक अधिकारीले भने । अब अर्थसमितिबाट आउने जवाफपछि मात्रै के गर्ने भन्ने विषयमा निर्णय हुने उनले बताए ।

'दुवै संसदीय समितिलाई बेवास्ता गर्न मिल्दैन, तर समितिकै पत्र एकअर्कासँग विरोधाभाष भएपछि, अन्यौलता छ' ती अधिकारीले भने । उनका अनुसार संसदीय समितिमै यसमा एकरुपता हुनु जरुरी छ ।

ऊर्जा उत्पादकहरुको संस्था इप्पानका अध्यक्ष गणेश कार्की ९० भन्दा कम नेटवर्थ भए पनि हाइड्रोपावर कम्पनीलाई आईपीओ निष्कासन रोक्न नमिल्ने बताउँछन् । हाइड्रोपावर कम्पनीले आयोजना प्रभावित स्थानीयलाई सेयर दिनैपर्ने कानुनी व्यवस्था रहेकाले कानुनलाई कसैले चुनौति दिन नमिल्ने उनको भनाइ छ ।

'आयोजनाको निश्चित सेयर सर्वसाधारणलाई दिनुपर्ने कानुनी व्यवस्था नै छ' उनले भने 'कानुनी व्यवस्थालाई नै अड्काउने काम कसैबाट हुनु हुँदैन ।' यदि प्रतिसेयर नेटवर्थ ९० भन्दा कम रहेका कम्पनीले सार्वजनिक निष्कासनमार्फत पूँजी जुटाउन नपाउने हो भने हाइड्रोपावर सेक्टरमा लगानी नै अवरुद्ध हुने उनको भनाइ छ ।

अहिलेसम्म कस्ता कम्पनीलाई सेयर निष्कासन गर्न स्वीकृति दिने, कस्तालाई नदिने भन्ने मापदण्ड नै छैन । यहीं कारण लेखा समिति नै यसमा 'ब्याक' हुनुपर्ने मत बढेको छ ।

'नियामक धितोपत्र बोर्डले नै कस्ता कम्पनीलाई आईपीओ जारी गर्न दिने, कस्तालाई नदिने, उठाइएको पैसा कस्ता प्रयोजनमा खर्च गर्न दिने भन्ने विषयमा स्पष्ट मापदण्ड बनाउनुपर्छ' पूँजी बजार जानकार डा. गोपाल भट्टले भने 'धितोपत्र निष्कासनका सम्बन्धमा मापदण्ड तोक्ने काम लेखाको होइन, न त त्यहाँ विज्ञ नै छन् ।' यद्यपि आईपीओ निष्कासनका क्रममा बेथितिहरु प्रशस्त छन् । व्यवसायिक प्रयोजनका लागि आवश्यक भएर नभइ सेयर बेचेर कमाउने गलत मनसायले सार्वजनिक निष्कासन हुन थालेको छ ।

यतिबेला बोर्ड धितोपत्र दर्ता तथा निष्कासन नियमावली परिवर्तन गर्ने तयारीमा जुटेको छ । सोही नियमावलीमार्फत खराब कम्पनीलाई बजारमा आउन नदिनेगरी मापदण्ड तोक्ने तयारी छ । त्यहीं मापदण्डमा एउटा सूचक नेटवर्थलाई पनि कायम गर्ने विषयमा छलफल भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# आलु आयातमा बाहिरियो ६ अर्ब ६६ करोड, भारतको हिस्सा धेरै

काठमाडौं/'तरकारीको राजा' भनिने आलु हरेकको भान्साको लोकप्रिय तरकारी हो । तरकारीमा मात्र नभई अन्य विभिन्न परिकार बनाउन पनि उपयोग हुने आलु नेपालमा हरेक महिना अर्बौंको आयात हुन्छ ।

सरकारको पछिल्लो तथ्यांक हेर्ने हो भने नेपालले ११ महिना अवधिमा विभिन्न देशबाट साढे ६ अर्ब रुपैयाँभन्दा बढीको आलु आयात गरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिना (साउन-जेठ) सम्ममा ६ अर्ब ६६ करोड रुपैयाँको आलु आयात भएको छ ।

भन्सार विभागको तथ्यांक केलाउँदा ११ महिनामा भारत, बंगलादेश र चीनबाट ६ अर्ब ६६ करोड ८५ लाख ७२ हजार रुपैयाँको आलु आयात भएको छ । यो भनेको २ लाख ७० हजार २६ टन बराबर हो । उक्त परिमाणको आलुमध्ये सबैभन्दा धेरै भारतबाट आयात भएको तथ्यांकमा उल्लेख छ । भारतबाट ६ अर्ब ३५ करोड १४ लाख ४६ हजार रुपैयाँको २ लाख ५० हजार ९ सय ९७ टन आलु आयात भएको छ ।

यस्तै नेपाललाई धेरै आलु निर्यात गर्ने देशमा दोस्रो नम्बरमा बंगलादेश छ । बंगलादेशबाट ३१ करोड ४९ लाख ७० हजार रुपैयाँको १८ हजार ९ सय ६३ टन आलु आयात भएको छ । यस्तै तेस्रो देश चीनबाट ६६ टन आलु आयात हुँदा २१ लाख ५६ हजार रुपैयाँ बाहिरिएको छ ।

यस्तै गत आव २०८०/८१ मा ६ अर्ब ७ करोड ५२ लाख ७७ हजार रुपैयाँको २ लाख ४० हजार १ सय ९९ टन आलु आयात भएको थियो । गत आव ११ महिनाको तुलनामा चालु आव ११ महिना अवधिमा २९ हजार ८ सय २७ टन आलु बढी आयात भएको तथ्यांकले देखाउँछ ।

# 'ऊनको स्वीटर'ले पूरा गर्‍यो ५१ दिन, के सिक्वेल बन्छ ?

काठमाडौं/यस वर्षको पहिलो सुपरहिट फिल्म 'ऊनको स्वीटर'ले प्रदर्शनमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । गत बैशाख २६ गतेबाट प्रदर्शनमा आएको यो फिल्मले शनिबार ५१ दिनको यात्रा पूरा गरेको हो । फिल्मले देशभरका ३० बढी हलमा ५१ औं दिन मनाएको निर्माण कम्पनी आर्टमान्डूले जनाएको छ । यो अवधिसम्म फिल्मले बक्स अफिसमा ११ करोड ८० लाखमाथिको व्यापार गरेको छ ।

प्रदर्शनको ५१ दिनको अवसरमा शनिबार काठमाडौंमा फिल्मको निर्माण टिमले विशेष कार्यक्रम आयोजना गरेको थियो, जहाँ हल सञ्चालकलाई कदर पत्र र कलाकार तथा प्राविधिकलाई 'टोकन अफ लभ' प्रदान गर्दै केक पनि काटियो । कार्यक्रममा निर्देशक नवीन चौहान, कलाकारहरु विपिन कार्की, मिरुना मगर, परीक्षा लिम्बू, गायक सुजन चापागाईं लगायतको उपस्थिति रहेको थियो ।

'ऊनको स्वीटर' सफल भएपछि यसको सिक्वेल (दोस्रो भाग) बन्छ कि बन्दैन भन्ने चासो धेरैमा देखिएको छ । किनकि, फिल्मको कथा अधुरै छाडिएको छ । शनिबार ५१ दिनको सेलिब्रेसन कार्यक्रममा पत्रकारसँग अनौपचारिक कुराकानीको क्रममा फिल्मका लेखक तथा निर्देशक नवीन चौहानले सिक्वेल नबन्ने जानकारी दिए । सिक्वेल बनाउँदा कथाको मिठास नै हराउने उनको भनाइ छ । 'ऊनको स्वीटर' सफल हुनुमा गीतसंगीतको भूमिका सबैभन्दा महत्त्वपूर्ण मानिएको छ ।

# 'शिरीषको फूल' नाटकबाट अभिनयमा फर्किंदै जीवन लुइँटेल

काठमाडौं/कुनै बेला नेपाली फिल्ममा आफ्नो बलियो पकड बनाएका अभिनेता जीवन लुइँटेल एक दशकदेखि अभिनयमा सक्रिय छैनन् । फिल्महरु लगातार असफल भएपछि अमेरिका बस्न थालेका उनी अब भने अभिनयमा फर्किने भएका छन् । तर, उनको फिल्मबाट नभएर नाटकबाट अभिनयमा पुनरागमन हुन लागेको हो । उनले 'शिरीषको फूल' उपन्यासमा आधारित नाटक खेल्न लागेका हुन् ।

कान्तिपुर थिएटरले पत्रिका घिमिरेको निर्देशनमा आगामी साउन १ गतेदेखि मञ्चन गर्न लागेको उक्त नाटकमा जीवन मुख्य पात्र सुयोगवीरको भूमिकामा देखिने जनाइएको छ । नाटकका लागि उनी आगामी साता नेपाल आउँदैछन् । आफ्नो सक्रिय करिअरमा २५ भन्दा बढी फिल्ममा काम गरेका उनले नाटकको भने अनुभव लिएका थिएनन् । 'शिरिषको फूल' उनको पहिलो नाटक हुनेछ ।

नाटकमा जीवनलाई लिनुको कारणबारे कान्तिपुर फिल्म एकेडेमी तथा कान्तिपुर थिएटरका सीइओ प्रकाश पुरीले भनेका छन्, 'हामीलाई साहित्यमा पकड र अभिनयमा गहिरो अनुभूति भएको उमेर र अनुभवका आधारमा परिपक्व पात्र चाहिएको थियो । त्यसमा उहाँलाई सुहाउने देखेपछि प्रस्ताव राख्यौं । उहाँ राजी हुनुभयो । उहाँको पुनरागमनका लागि रंगमञ्च उपयुक्त माध्यम हो ।' कान्तिपुर थिएटरले रंगमञ्चको अनुभव नभएका फिल्मका कलाकारलाई लिएर एकपछि अर्को नाटक बनाइरहेको छ । यसअघि अभिनेत्री रेखा थापालाई मुख्य भूमिकामा लिएर 'मीरा' नाटक मञ्चन गरिएको थियो, जसले राम्रो चर्चा कमायो । यो रेखाको पहिलो नाटक थियो । अब 'शिरीषको फूल'बाट जीवन लुइँटेलले अभिनयमा कमब्याक गर्न लागेकाले यसको पनि ठूलो चर्चा हुने देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पर्याप्त उत्पादन नहुँदा विदेशबाट धान चामल आयात गर्नुपर्ने बाध्यता

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ नेपाल कृषिप्रधान मुलुक भएर पनि धानचामलमा पनि परर्निभर छ । पर्याप्त उत्पादन नहुँदा विदेशबाट धानचामल आयात गरेर नेपालको माग धान्नुपर्ने अवस्था देखिएको हो ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकाअनुसार मुलुकको लागि आवश्यक पर्ने करिव ७९ लाख मेट्रिकटन धानमध्ये करिव १० लाख मेट्रिकटन धान उत्पादन अपुग छ । फलस्वरुप, चालु आर्थिक वर्षको जेठ मसान्तसम्म धान, धानको बीउ, चामल र कनिका गरी कुल ७ लाख ५३ हजार मेट्रिकटन धानजन्य वस्तु आयात भएको छ । यी वस्तु आयातमा करिव ३८ अर्व ९४ करोड रुपैयाँ विदेशिएको छ । मन्त्रालयका अनुसार विशेषगरी चालममा बढी निर्भरता रहेको छ । नेपालमा कम उत्पादन हुने मसिना तथा बास्नादार चामलमा उपभोक्ताको बढी रोजाइ, छिमेकी मुलुकले धान निर्यातले लिने नीतिगत व्यवस्थालगायत कारण उत्पादन वृद्धि हुँदाहुँदै पनि धान/चामलको आयात अपेक्षाकृत कम हुन सकेको छैन ।

तीनदसक अघिसम्म नेपालले धान र चामल निर्यात गर्दै आएको थियो, अहिले नेपाल पर निर्भर बन्दै गएको छ । नेपालले २०५० सालसम्म धान तथा चामल निर्यात गर्ने गरेको थियो । नेपालमा उत्पादित धान र चामल आन्तरिक उपभोगमा बढी भएका कारण निर्यात हुन्थ्यो । खासगरी दक्षिणकोरियामा नेपालको चामल, गहुँ निर्यात हुन्थ्यो । सोही कारण नेपाललाई कृषिप्रधान देशको रुपमा चित्रण गरिएको थियो ।



अहिले धान चामलमा देखिएको परनिर्भरता हटाउन सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन ।

परनिर्भरता हटाउने कार्यक्रम बजेटमा राख्न भने छाडिएको छैन । नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा पनि मुलुकलाइ आगामी २ वर्षमा धानमा आत्मनिर्भर बनाउने विषय उल्लेख छ । आगामी वर्षहरुमा धानको उत्पादन र उत्पादकत्व वृद्धिको लागि मन्त्रालयले प्राथमिकताका साथ विशेषगरी चैते धानमा क्षेत्रफल विस्तार र वर्षे धानमा उत्पादकत्व वृद्धिका कार्यक्रम तीनै तहका सरकारमार्फत सञ्चालनको व्यवस्था गर्ने लक्ष्य छ । मलखाद, गुणस्तरीय बीउ र अनुसन्धानबाट प्राप्त नवीनतम प्रविधि किसानमाझ पुऱ्याउन कार्यक्रम केन्द्रित रहेको कृषि मन्त्रालयका अधिकारीहरुको भनाइ छ ।

परनिर्भरता नहटेपनि पछिल्लो समय धान उत्पादन केही बढेको सरकारी तथ्यांकले देखाउँछ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकाअनुसार चालु आवमा ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिकटन धान उत्पादन हुने अनुमान छ । यो उत्पादन गतवर्षको तुलनामा ४ दशमलव ४ प्रतिशतले बढी हो । मन्त्रालयकाअनुसार चालु आवमा मनसुन औषत भन्दा तीन दिन अगाडि सक्रिय हुन पुगेको र यो अबधिमा औषत वर्षा गत आर्थिक वर्षको सरदर भन्दा उच्चरहन जाँदा वर्षे धानबालीको लागि सहयोगी बन्न पुगेको छ ।

यसैगरी रासायनिक मल र उन्नत जातको धानको आयात गतवर्षको सोही अबधिको तुलनामा बृद्धि हुनु पनि धान उत्पादनका लागि प्रभाबकारी रहन गएको छ । धानबाली लगाइएको क्षेत्रफलमा सामान्य कमी आउँदा पनि उत्पादकत्वमा आएको सकारात्मक वृद्धिले उत्पादन बढ्ने अनुमान गरिएको छ । वर्षे र चैते दुवै गरी चालु आर्थिक वर्षमा कुल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान रोपिएको अनुमान छ । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कमी हो ।

औषत उत्पादकत्व ४.१९ मेट्रिकटन प्रतिहेक्टरमा पुगेको छ । यो हालसम्मको उच्च बिन्दु हो । सोही अवधिमा चैते धान र वर्षे धानको उत्पादन तथा उत्पादकत्व गत आर्थिक वर्षको तुलनामा वृद्धि हुन गएको छ । देशभरि असार दोस्रो सातासम्म १५ प्रतिशत धान रोपाइँ भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विभागले यो तथ्यांक सार्वजनिक गरेको हो । विभागको तथ्यांक अनुसार १३ असारसम्म १ करोड ३९ लाख १३ हजार २१ हेक्टरमध्ये २ लाख १७ हजार २ सय ८९ हेक्टरमा मात्र रोपाइँ भएको हो । अनुपातमा धेरै कम क्षेत्रफलमा रोपाईं भएको छ ।

गत वर्षको तुलनामा २ प्रतिशतले कम धान रोपाइँ भएको हो । गत वर्ष १४ असारसम्मको अवधिमा १७ दशमलब २ प्रतिशत रोपाइँ भएकोमा यस वर्ष सोही अवधिमा १५ दशमलब ६ प्रतिशत मात्रै भएको छ । बागमती प्रदेशमा २० दशमलब ५ प्रतिशत धान रोपाइँ भएको विभागले जनाएको छ । देशका सात प्रदेशमध्ये सबैभन्दा बढी रोपाइँ सुदूरपश्चिम प्रदेशमा भएको छ । त्यहाँ कुल रोपाइँ क्षेत्रफलको ४५ दशमलब ५ प्रतिशतमा रोपाइँ सम्पन्न भएको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै कर्णाली प्रदेशमा ३९ दशमलब १ प्रतिशत, लुम्बिनी ९ दशमलब ७, गण्डकी १३ दशमलब ८, मधेस ३ दशमलब ९ र कोशी प्रदेशमा १४ दशमलब ३ प्रतिशत रोपाइँ भएको छ । राष्ट्रिय धान दिवसको अवसरमा गैरकिसानले एकछिन फोटो खिचाउनका लागि मात्र धान रोपेको नाटक सामाजिक संजालमा छरपस्ट भएका छन् । वास्तबिक किसानलाई असारमासको चटारोले छोएको छ तर, नक्कली किसानले सामाजिक संजाल भरेका छन् । खेतमा पसिना बगाउने किसानको माग सम्बोधन भएको छैन तर, बिचौलियाले कृषिअनुदान कब्जा गरिरहेका छन् ।

# प्राङ्गारिक कृषि कार्यक्रमले महिलाको जीवनस्तर फेरिँदै

साझाकुरा संवाददाता



हेटौंडा, १५ असार/ मकवानपुरको थाहा नगरपालिका-१ टाखेलकी कृषक समिता थोकर तब दंग परिन् जब उनले खेती गरेको त्यति नै गाँजरको बीउले अरुको भन्दा बढी उत्पादन दियो । आफैंले बनाएको प्राङ्गरिक मल प्रयोग गरेर उनले १०० ग्राम गाँजरको बीउबाट नमूनाखेती सुरु गरेकी थिइन् ।

गाँजरले बजार पनि राम्रै पायो । टाखेलकै एकलमहिला साइली विकको पनि खेतीपाती जीवनयापनको सहयोगी बनेको छ । श्रीमान्को सहारा टुटेपछि घरमा एक्लै बस्दै आएकी साइलीलाई सरकारले दिने सामाजिक सुरक्षाभत्तामा खेतीको कमाइ पनि थपिएपछि अझै केही गर्छु भन्ने आँट पलाएको छ । थाहा नगरपालिकामा समिता र साइलीजस्ता एक सय विपन्न जनजाति र दलित महिला अर्गानिक खेतीमा रमाउन थालेका छन् । उनीहरुलाई भरथेग गर्न गैरसरकारी संस्थाको सहयोगमा एक वर्षदेखि नवीकरणीय उर्जा तथा प्राङ्गरिक कृषि कार्यक्रम सञ्चालित छ ।

संयुक्त राष्ट्रसंघ, विश्व वातावरण कोष, साना अनुदान कार्यक्रमको आर्थिक सहयोग तथा सीडेफ नेपालको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रमले सकारात्मक नतीजा दिन थालेको छ । नवीकरणीय उर्जा तथा प्राङ्गारिक कृषि कार्यक्रम अधिकृत भवानी प्रधानका अनुसार थाहा नगरपालिका वडा नं. १, २ र ७ का आदिवासी जनजाति तथा दलित परिवारका महिलालाई प्राङ्गारिक खेतीसम्बन्धी तालिम दिइएको छ । उनीहरुले प्राङ्गारिक मल उत्पादन गर्न सिकेका छन् । त्यतिमात्र नभएर कृषकलाई व्यावसायिक तरकारीखेतीका लागि बीउ प्रदान गरिएको थियो ।

टाखेलका समिता र साइलीले कार्यक्रमबाटै तरकारीको बीउ सहयोग पाएका थिए । प्राङ्गारिक प्रणालीबाट खेती गर्दा के उत्पादन लिन सकिएला र भन्ने लाग्थ्यो उनलाई । तर, जब त्यति नै बीउले रासायनिक मल प्रयोग गर्नेहरुको भन्दा दोब्बर उत्पादन भयो, अनि उनलाई प्राङ्गारिक पद्धतिबाट पनि राम्रै उत्पादन हुन्छ भन्ने विश्वास जाग्यो । '३ जना सन्तान अनि म एक्लो, दैनिक जीवन धान्न पनि मुश्किल थियो । संस्थाको सहयोगले आम्दानी बढ्न थालेपछि अहिले परिवार चलाउन सहज भएको छ,' उनले भनिन् ।

कार्यक्रमअन्तर्गत् थाहाको लक्षितक्षेत्रमा महिलाले कृषक समूह गठन गरेर प्राङ्गारिक खेती अभियान चलाएका छन् । थाहा-१ मा पशुपति कृषक समूह, २ मा फेदीगाउँ कृषक समूह र ७ मा शुभारम्भ तथा जनजाति कृषक समूह प्राङ्गारिक खेतीमा क्रियाशील भएको कार्यक्रम अधिकृत प्रधानले जानकारी दिइन् । कार्यक्रमअन्तर्गत् प्राङ्गारिक खेतीसँगै लक्षितवर्गका परिवारलाई धुँवारहित विद्युतीय चुलो वितरण गरिएको छ ।

परम्परागत चुलोका कारण स्वाथ्यमा असर पर्ने भएपछि उनीहरुलाइ नि:शुल्क विद्युतीय चुलो वितरण गरिएको हो । धुवाँरहित चुलोको प्रयोगले दाउरा प्रयोगमा कमी भई दाउरा जम्मा गर्न लाग्ने समय र श्रम खर्चमा कमी आएको प्रयोगकर्ता महिलाले बताएका छन् । कार्यक्रम अधिकृत प्रधानका अनुसार थाहाका केही सार्वजनिक स्थानमा सौर्यउर्जा पनि जडान गरिएको छ ।

# एमनेष्टी समूह ६७ हेटौडाको संयोजकमा घिमिरे

साझाकुरा संवाददाता



हेटौंडा, १५ असार/ एमनेष्टी इन्टरनेसनल नेपाल समूह ६७ हेटौंडाको २६ औं वार्षिक साधारण सभा एवम् १३ औं अधिवेशनले समूहको अध्यक्षमा प्रलाद घिमिरे सर्वसम्मत चयन भएका छन् ।

समूहको उपसंयोजकमा आशा ढकाल, सचिवमा पूर्णप्रसाद अर्याल, सहसचिवमा देबकुमारी ढकाल, कोषाध्यक्षमा प्रभाकुमारी घिमिरे पौडेल चयन भएका छन् । यसैगरी समूहको सदस्यहरुमा त्रिलोकमोहन थिके, सुशीलप्रसाद पराजुली, राजकुमार केसी, हीरा बर्तौला चयन भएका छन् । साधारणसभाकै अवसरमा समूह ६७ का संस्थापक अध्यक्ष ईन्द्रबहादुर श्रेष्ठको स्मृतिमा ईन्द्रबहादुर श्रेष्ठ स्मृति मानवअधिकार संरक्षण सम्मानद्वारा बरिष्ठ अधिवक्ता, संविधान सभा सदस्य एवम् पूर्वराष्ट्रियसभा सदस्य रामनारायण बिडारीलाई सम्मानित गरिएको थियो । साधारणसभाकै अवसरमा मानवअधिकार शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो ।

प्रशिक्षण कार्यक्रमको समूहको पूर्वअध्यक्ष बिजयकुमार बैद्य र सदस्य राजकुमार केसीले सहजीकरण गरेका थिए । साधारणसभा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको हो । सभामा एमनेष्टी इन्टरनेसनल नेपालका केन्द्रीय अध्यक्ष बिपिन बुढाथोकी, समूहका पूर्वअध्यक्षहरु बिजेन्द्रकुमार अग्रवाल, ह्यग्रीव आचार्य, बिजय कुमार बैद्य, उत्तम शर्माढकाल, नेपाल मानवअधिकार संगठन मकवानपुर अध्यक्ष शर्मिला श्रेष्ठ, फरेष्ट्री युथ नेटवर्कका अध्यक्ष कुशल अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

एमनेष्टी समूह ६७ का संयोजक प्रकाश ढकालको अध्यक्षतामा भएको साधारणसभामा संयोजक ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष पूर्णप्रसाद अर्यालले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन अनुमोदन गरिएको थियो । एमनेष्टी इन्टरनेसनल बिश्वब्यापी रुपमा ब्यक्तिको नैसर्गिक अधिकार उपयोगका सन्दर्भमा वकालत गर्दै मानवअधिकारको सम्मान एवम् सुनिश्चितताको लागि विविध कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्था हो ।

# ओलम्पियनलाई मासिक भत्ता दिने बागमती सरकारको घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ बागमती प्रदेश सरकारले प्रदेशका ओलम्पियन खेलाडीलाई मासिक रुपमा भत्ता दिने भएको छ । मुख्यमन्त्री बहादुरसिंह लामा र युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले ओलम्पियनलाई मासिक पाँच हजार रुपैयाँको दरले भत्ता उपलब्ध गराउने घोषणा गरेका हुन् ।

नेपाल ओलम्पियन्स एसोसिएसनको संयोजन र बागमती प्रदेश खेलकुद परिषद्को आयोजनामा चितवनको सौराहामा भएको 'स्कुल टु ओलम्पिक' कार्यक्रमको समापन तथा चौथो ओलम्पियन पुनर्मिलन र सम्मान कार्यक्रममा मुख्यमन्त्री लामाले यस्तो घोषणा गरेका हुन् । यसअघि गण्डकी प्रदेशले दुई वर्षदेखि ओलम्पियनलाई मासिक पाँच हजार रुपैयाँ भत्ता दिँदै आएको छ भने सुदूर पश्चिम प्रदेशले पनि हालै मासिक भत्ता उपलब्ध गराउने योजना सार्वजनिक गरेको छ ।

कार्यक्रममा सहभागी सन् १९९२, १९९६ र २००० का ओलम्पिक खेलमा अनिता श्रेष्ठ, सीताराम शाही, विमला रानामगर, भगवती खत्री र ज्ञानबहादुर बोहोरलाई सम्मान गरिएको छ । त्यस्तै, १९९६ का ओलम्पियन स्वर्गीय सुनीललाल जोशीलाई मरणोपरान्त उनको परिवारमार्फत् सम्मान प्रदान गरिएको छ । कार्यक्रममा मुख्यमन्त्री लामा, युवा तथा खेलकुदमन्त्री महर्जन, प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दीपक लामा, ओलम्पियन एसोसिएसनका अध्यक्ष दीपक विष्टलगायतले ओलम्पियनलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

अध्यक्ष विष्ट र कीर्तिमानी धावक वैकुण्ठ मानन्धरले पेरिस ओलम्पिकमा सहभागी हुने सात खेलाडीमध्ये तीनजना खेलाडी एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, जुडोकी मनिता श्रेष्ठ प्रधान र ब्याडमिन्टनका प्रिन्स दाहाललाई ओएलवाईको पिन तथा प्रमाणपत्र प्रदान गरेका थिए । बिहान चितवनमा 'वाकाथन' आयोजना गरिएको थियो ।

सौराहाको हात्तीचोकबाट सुरुभई रिभरसाइडसम्म सम्पन्न वाकाथनमा मुख्यमन्त्री लामा, खेलकुदमन्त्री महर्जन, रत्ननगर नगर प्रमुख प्रल्हाद सापकोटा, ओलम्पियन खेलाडी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा स्थानीयवासीको सहभागिता थियो । नेपाल ओलम्पियन्स एसोसिएसनले चार वर्षअघि कर्णालीको सुर्खेतबाट सुरु गरेको 'स्कुल टु ओलम्पिक' कार्यक्रमको समापन पनि सोहीदिन सम्पन्न गरिएको छ ।

# पशुपतिनाथ माविमा पहिलोपटक विद्यार्थीको निर्वाचन

साझाकुरा संवाददाता

हेटौंडा, १५ असार/ बालबालिकालाई विद्यालयप्रति जिम्मेवार र अनुसाशित बनाउन मकवानपुरको मनहरी-४ स्थित पशुपतिनाथ माविमा सदन बिभाजन गरी नेतृत्वका लागि आइतबार निर्वाचन भएको छ ।

स्थापनाको ५० औं वार्षिकोत्सव मनाइरहेको विद्यालयमा क्याप्टेन, भाइस क्याप्टेन तथा सदन क्याप्टेन र भाइस क्याप्टेनका लागि विद्यालयमा पहिलोपटक निर्वाचन भएको हो । निर्वाचनमा १३९ मत प्राप्त गर्दै गुराँस वाइबा विद्यालय क्याप्टेन निर्वाचित भएकी छन् । उनको निकटतम प्रतिष्पर्धी पल्कुदोर्जे डिमडुङ्ले ६९ मत पाएका थिए । त्यस्तै विद्यालय भाइस क्याप्टेनका लागि भएको निर्वाचनमा अमन पाखिन १९४ मत सहित बिजेता बन्न सफल भएका छन् । उनका निकटतम प्रतिष्पर्धी नबीन भण्डारीले ४५ मत प्राप्त गरेका थिए ।

सगरमाथा सदनका लागि भएको निर्वाचनमा सौरभ अर्याल क्याप्टेन तथा क्रिजन उप्रेती भाइस क्याप्टेन चयन भएका छन् । त्यस्तै माछापुच्छ्रे सदनका लागि रोशनी बर्तौला क्याप्टेन तथा बिश्वास बल भाइस क्याप्टेन चयन भएका छन् । अन्नपूर्ण सदनका लागि अन्जिना गिरी क्याप्टेन अस्मिता स्याङतान भाइस क्याप्टेन निर्वाचित भएको विद्यालयका मुख्य निर्वाचन अधिकृत भानुभक्त आचार्यले जानकारी दिए । गौरीशंकर सदनका लागि एकल उमेदवारी परेका कारण बिहिबार नै सदन क्याप्टेनमा श्रीराम तिवारी र भाइस क्याप्टेनमा जस्टेन सुनार निर्बिरोध निर्वाचित भएको विद्यालयका सूचना अधिकारी रामचन्द्र तिमल्सिनाले जानकारी दिए ।

विद्यालय सदन नेतृत्वका लागि पहिलोपटक भएको निर्वाचनमा बालबालिकाले उत्साहजनक रुपमा सहभागिता जनाएको विद्यालय ब्यवस्थापन समितिका सदस्य मुकुन्दप्रसाद सुबेदीले बताए । विब्यस टिमले बालबालिकाको निर्वाचनको पर्यबेक्षण गरेको थियो । २०३२ सालमा सरकारी स्वीकृति पाएको यो विद्यालयले २०८१ मंसिरदेखि स्वर्णवर्षका क्रममा बिबिध कार्यक्रम गर्दै आएको विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले बताए ।

विद्यालयका प्रधानाध्यापक सपना लामाका अनुसार बालबालिकालाई विद्यालयमा जिम्मेवार र अनुसाशित बनाउन र निर्वाचनको प्रक्रियाका बारेमा जानकारी दिनका लागि यसप्रकारको अतिरिक्त क्रियाकलाप जरुरी रहन्छ । विद्यालयका सप्रअ सुशील गौतम, शिक्षक ज्योति थापा, ईश्वर रिजाल, सर्मिला सिग्देल, साधुराम पोखरेल, राजेन्द्र काफ्ले, बिपिन थापा, प्रसान्त यादव, हरि शरण थापा, बबिता अधिकारी, कलावती गौतम, बिमला बिष्ट, सुसन बानियाँले निर्वाचनमा सहयोग गरेका थिए ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३


## अनलाइनको दर्ता खारेज सम्बन्धि सूचना !

*प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१४*

"सूचना तथा प्रशारण विभागमा दर्ता नं. ४३८०–२०८०/२०८१ मिति २०८०/१०/२८ मा दर्ता रहेको तितो सत्य मिडिया प्रा.लि.द्वारा सञ्चालित www.titosatye.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२/३/१४ देखि २०८२/३/२८ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना चन्द्रपुर-४, रौतहट, मधेश, नेपाल, सञ्चालकको मोवाइल नम्बर ९८४५५१०८०० वा email: titosatye@5808@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने ब्यहोरा अनुरोध छ ।"

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८२/०३/१६*

जिल्ला बारा न.पा.निजगढ वडा नं -३, सिंगौलमा सञ्चालित यस श्री सरस्वती आधारभूत विद्यालयमा रिक्त रहेको प्रा.वि. तहको राहत दरवन्दी संख्या-१ मा शिक्षक पदमा पदपूर्ति गर्न आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवार नेपाली नागरिकहरुबाट तपसिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

विज्ञापन नं.: १-२०८१/०८२
पद : शिक्षक
तह/किसिम : प्राथमिक (राहत) करार,
पद संख्या : १ (एक)
न्यूनतम शैक्षिक योग्यता : कुनै विषयमा आइ.एड्. वा सो सरह उत्तीर्ण गरेको
उमेर : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
तलब स्केल : प्रचलित नियमानुसार
परीक्षा दस्तुर : रु.१,०००/- (एक हजार मात्र) रा. बा. बैक निजगढमा रहेको यस विद्यालयको च.हि.नं.-. १२९०१००००९४६००१ खातामा रु.१,०००।- (एक हजार मात्र) जम्मा गरेको एक प्रति सक्कल भौचर दरखास्तसाथ अनिवार्य पेश गर्नु पर्ने,
परीक्षाको किसिम : लिखित र (अन्तरवार्ता आवश्यक्ताअनुसार)
परीक्षा हुने स्थान, मिति र समय: परीक्षा हुने मिति र समय र स्थान सम्पर्कका दिन जानकारी गरिने,
दरखास्तका साथ बुझाउनु पर्ने कागजात : शैक्षिक योग्यताका प्रमाण-पत्रहरु, नेपाली नागरिकताको प्रमाण-पत्र, स्थायी अध्यापन अनुमति पत्रको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, निरोगिताको प्रमाण-पत्र,
दरखास्त बुझाउने अन्तिम मिति: २०८२/०३/१५ गतेदेखि मिति: २०८२/०३/२९ गतेसम्म विद्यालयको समय विद्यालयमा
सम्पर्क मिति : २०८२/०३/३० गते विद्यालयको समयभित्र विद्यालयमा (सम्पर्क मितिमा उपस्थित हुँदा सक्कल प्रमाणपत्र ल्याउने) कारार सूचिका उम्मेदवारका हकमा : मिति: २०८२/०३/१५ गतेदेखि मिति: २०८२/०३/२१ गतेसम्म दरखास्त बुझाउने कारार सूचिका उम्मेदवारका हकमा सम्पर्क मिति: २०८२/०३/२२ गते १०:०० बजे

- रित नपुगी पेश भएका दरखास्त उपर कारवाही गर्न विद्यालय बाध्य हुने छैन ।
- प्राप्त दरखास्त उपर कारवाहीको सम्पूर्ण अधिकार वि.व्य.स.मा निहित रहने छ ।
- विस्तृत जानकारीको लागि विद्यालयको समयमा विद्यालयमा सम्पर्क राख्नु होला ।

**श्री सरस्वती आधारभूत विद्यालय**
निजगढ नगरपालिका-३, सिंगौल (बारा)
सम्पर्क नं.: ९८४५२८९८७२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना